नि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ८४ २०८१ साल कात्तिक ९ गते शुक्रबार (25 Oct. 2024 Friday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वरदान बन्दै त्रिविको... ३ पृष्ठमा : नेपालमा पनि पोलियो ... ३ पृष्ठमा उत्तर कोरियाले अक्टोबरमा तीन हजार...

## ट्रेड युनियन काँग्रेसले विशेष सांगठनिक अभियान चलाउने



**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

नेपाल ट्रेड युनियन काँग्रेस सप्तरीले आवद्ध सबै पेशागत संघ संगठनलाई संगठित र सक्रिय बनाउने निर्णय गरेको छ । यसका लागि ट्रेड युनियन काँग्रेसमा आवद्ध सबै शुभेच्छुक संघ र संगठनको भेला, छलफल तथा प्रशिक्षण लगायतका कार्यक्रम अभियानकै रुपमा संचालन गरिने भएको छ ।

बिहीबार नेपाली काँग्रेस सप्तरीको राजविराजस्थित पार्टी कार्यालयमा आयोजित नेपाल ट्रेड युनियन काँग्रेस सप्तरीको प्रथम जिल्ला परिषद्मा आवद्ध संघ, संगठनका प्रतिनिधिहरुको सुझावमा यस्तो निर्णय गरिएको नेपाल ट्रेड युनियन काँग्रेस सप्तरीका अध्यक्ष मनोज कुमार मण्डलले जानकारी दिए ।

नेपाली काँग्रेसको शुभेच्छुक संस्थाको रुपमा रहेको ट्रेड युनियनको गतिबिधी विगतको तुलनामा कमजोर भई आवद्ध संघ, संगठनमा समेत असर परेको तथा अगुवाहरुमा निराशा छाएको भन्दै सहभागि वक्ताहरुले उनीहरुमा आशा जगाउन पनि भेला, छलफल र प्रशिक्षण लगायतका कार्यक्रम अभियानकै क्रममा अघि बढाउनु आवश्यक रहेको बताएका थिए ।

कार्यक्रमका प्रमुख अतिथि नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहले मातहतका शुभेच्छुक संस्था बलियो भए काँग्रेस पनि बलियो हुने भन्दै ट्रेड युनियन र सो मातहतका संघ, संगठनलाई संगठित, गतिलो बनाउन तथा उनका अगुवाहरुमा उत्साह र उर्जा थप्न आफूले सक्दो सहयोग गर्ने बताए ।

ट्रेड युनियन काँग्रेस स्व. नेता गिरिजा प्रसाद कोइरालाले स्थापना गरेको स्मरण गर्दै उनले संगठनलाई निवन्त राख्न आफ्नो तर्फबाट कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता समेत जनाए ।

नेपाली काँग्रेस सप्तरीका सचिव सनत कुमार मण्डलले ट्रेड युनियन काँग्रेसको सांगठनिक संरचनालाई अझ सुदृढ बनाउनु पर्ने आवश्यकता महसुस गरिएको भन्दै यसका लागि पार्टी भित्रको गुट उपगुट परित्याग गरि सबै मिलेर काम गर्नु पर्नेमा जोड दिए ।

जिल्ला परिषद्मा ट्रेड युनियन काँग्रेस सप्तरीका सचिव रामप्रसाद यादवले सांगठनिक तथा कोषाध्यक्ष प्रमोद कुमार यादवले कोषाध्यक्षीय प्रतिवेदन पेश गरेका थिए ।

कार्यक्रममा नेपाली काँग्रेसका क्षेत्रिय सभापति उमेश मिश्र, ट्रेड युनियन काँग्रेस मधेश प्रदेशका उपाध्यक्ष बैधनाथ यादव, एम्ब्रोडी ह्यान्डी क्राप्ट तथा

***बाँकी अन्तिम पृष्ठमा***

## लोसपाका केन्द्रिय उपाध्यक्ष चौधरीसहित विभिन्न पार्टीका नेता राष्ट्रिय मुक्ति क्रान्तिमा प्रवेश





**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका केन्द्रिय उपाध्यक्ष चन्द्रकान्त चौधरीसहित विभिन्न पार्टीका नेता राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गरेका छन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका निवासी पूर्वसांसद तथा पूर्वराज्य मन्त्रीसमेत रहेका चौधरीले बिहीबार पार्टीको साधारण सदस्य समेत नरहने गरि राजिनामा दिएको उनीद्वारा जारि विज्ञप्तिमा जनाइएको छ ।

उक्त पार्टी परित्याग गरे लगत्तै बिहीबार नै उनी राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गरेका छन् ।

बिहीबार नै नागरिक उन्मुक्ति पार्टीका वरिष्ठ नेता एवं ललितपुरबाट निर्वाचित संविधान सदस्य योगेन्द्र घिसिङ, सोही पार्टीका बागमती प्रदेश समितिका अध्यक्ष दलबहादुर तामाङ र केन्द्रिय सचिवालय सदस्य ओमप्रकाश चौधरी पनि राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गरेका छन् ।

यस्तै जनजाती कल्याण आश्रम नेपालका केन्द्रिय महासचिव प्रेम प्रसाद राई लगायतका नेतासहित सयौंको संख्यामा विभिन्न पार्टीका अगुवा कार्यकर्ता राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गरेको अध्यक्ष राजेन्द्र महतोले एक प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरेका छन् ।

## लोसपा सप्तरीको जिल्ला समिति पुर्नगठन

**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीको जिल्ला कार्यसमिति बिहीबार पुर्नगठन गरिएको छ ।

जिल्ला अध्यक्ष सुनिल कुमार झाद्वारा जारि विज्ञप्तिमा ५१ सदस्यीय पुर्नगठित समितिको उपाध्यक्षद्वयमा बौआलाल शर्मा र राजेन्द्र प्रसाद दास, सचिवद्वयमा बिजय कुमार राय र जयनारायण यादव, सहसचिवद्वयमा विद्यानन्द चौधरी र रबिन्द्र कुमार मण्डल तथा कोषाध्यक्षमा मनोज कुमार झा रहेका छन् ।

त्यस्तै कार्यकारिणी सदस्यहरुमा शत्रुहन मण्डल, अनारदेवी राम, कैलाश लौगी, रामानन्द यादव, मान्ति सदा, ललित नारायण झा, विष्णु प्रसाद गुप्ता, जलेश्वरीदेवी यादव, प्रमिलादेवी राम र मुवारक मियालाई चयन गरिएको छ ।

त्यस्तै ३३ जनालाई सदस्यमा राखिएको जारि विज्ञप्तिमा उल्लेख छ ।

## दुर्गापूजाका साडी मुसहर महिलालाई प्रदान

सिरहा, ८ कात्तिक (रासस) ।

लहानस्थित दुर्गा मन्दिरमा नवरात्रमा भक्तजनले अर्पण गरेका साडी यहाँका अतिविपन्न मुसहर महिलाहरूलाई प्रदान गरिएको छ ।

दुर्गा पूजा समितिका संयोजक एवं लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले वडा नं १५ शोभापुरका मुसहर समुदायका ९१ जना महिलालाई बुधबार अपराह्न जनही एउटा साडी प्रदान गर्नुभएको हो ।

समितिका सदस्य विकास शारदाका अनुसार यस वर्षको दुर्गा पूजामा रु आठ लाख ५३ हजार नगद र तीन तोला चार आना सुन सङ्कलन भएको छ । यो गत वर्षको भन्दा रु एक लाख ५३ हजारले बढी हो ।

## घुस लिएको आरोपमा निमित्त प्रमुख प्रशासकीय अधिकृत पक्राउ

**दैनिक समाचारदाता**
**बारा, ८ कात्तिक ।**

बाराको सिम्रौनगढ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साहलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको छ ।

अख्तियारले बिहीबार साहलाई घुस रकमसहित नियन्त्रणमा लिएको हो । उनले बिल भुक्तानी गरेबापत सेवाग्राहीसँग घुस लिएको अख्तियारले जनाएको छ ।

सेवाग्राहीबाट ७८ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा उक्त रकमसहित साहलाई नियन्त्रणमा लिएको अख्तियारले जनाएको छ । उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारको भनाइ छ ।

## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा-

- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीसहजारसम्म जरिबाना,
- दोश्रोपटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिबाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिबाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।

त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कार्वाहीबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सबै खाले प्रदुषण रोकौं

अहिलेको समयमा सबै खाले प्रदुषण रोक्नु आवश्यक छ। ध्वनी, वायु, यातायात लगायतका प्रदुषण रोक्नु पर्छ। प्रदुषणको नाम फरक रहेपनि सबैले एकै खाले मानवको स्वास्थ्यमा गम्भिर असर पार्दछ। जसमध्ये ध्वनी प्रदुषणले अहिले सामान्य जनजिवन नै प्रभावित बनाएको छ। ध्वनी प्रदुषणका कारण हृदयका रोगीहरुलाई बढी समस्या हुने गरेको छ। धार्मिक कार्यक्रमहरुका कारण ध्वनी प्रदुषण भइरहेको छ। राती अबेरसम्म र एका बिहानैदेखी ठूला ठूला स्वरमा लाउडस्पिकर बजाएर धार्मिक गित तथा प्रवचन बजाइने गरिन्छ। सप्तरी सदरमुकाम राजविराजमा अहिले ध्वनी प्रदुषण निकै बढेको छ। धार्मिक कार्यक्रम, बैवाहिक कार्यक्रम वा कुनै उत्सव होस् वा प्रवचनको नाममा ध्वनी प्रदुषण बढेको हो। यता विभिन्न यातायातका साधनहरुबाट निस्कने धुँवाका कारण पनि मानव स्वास्थ्यमा असर पुग्ने गरेको छ। यसले सिधै मानवको छातीमा असर पार्दछ। त्यस्तै वायु प्रदुषणमा मिसिने धुवा धुलोले पनि मानवको शरीरमा गम्भिर असर पार्दछ।

यता एक दशकअघि जिल्ला प्रशासन कार्यालयसहित बिभिन्न सरकारी निकायको नाममा अदालतले ध्वनी प्रदुषण रोक्न निर्देशनरुपी फैसला सुनाएको थियो। तर त्यो फैसलाको कार्यान्वयन पक्ष अत्यन्त फितलो रहेकोले हाल ध्वनी प्रदुषणले झनै प्रोत्साहन पाएको छ। यसरी अदालतको फैसला कार्यान्वयन नहुनु आफैमा दुःखद पक्ष हो। अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडी नबढ्दा नगरका मुख्य बजारहरुमा अहिले पनि चर्को स्वरमा लाउडस्पिकर बजाउने कार्य जारी नै रहेको छ।

ध्वनी प्रदुषणले व्यक्तिको मानसिक तनाव बढाउनुका साथै मुटुरा रोगी, बालबालिकालाई बढी जोखिम हुने गरेको छ। यसले रातीको निन्द्रा बिगार्ने काम समेत गर्दछ। तसर्थ यस्ता कार्यलाई रोक्न सम्बन्धित निकायले गम्भिरतापूर्वक ध्यान दिई विगतमा अदालतले गरेको आदेशलाई कार्यान्वयन गर्नेतर्फ आवश्यक कदम चाल्नु जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# वरदान बन्दै त्रिविको अनलाइन कक्षा

रूपेश आचार्य
कीर्तिपुर, ८ कात्तिक (रासस)।

कीर्तिपुरको एक विद्यालयमा अध्यापन गरिरहनुभएका राजकुमार प्याकुरेल शिक्षा शास्त्र सङ्कायअन्तर्गत समाज शास्त्र (एमएसएसइडी) को अनलाइन कक्षा लिइरहनु भएको छ। थप शैक्षिक उपाधि चाहिएपछि भौतिक रुपमा कक्षामा उपस्थित हुन नसकेपछि उहाँ अहिले अनलाइन कक्षामा जोडिएर अध्ययन गरिरहनुभएको छ।

कक्षामा भौतिक रुपमा उपस्थित हुन नसक्ने आफूजस्ता धेरैलाई त्रिभुवन विश्वविद्यालयले सुरु गरेको अनलाइन कक्षा निकै उपयोगी रहेको उहाँ बताउनुहुन्छ। "टाढाबाट पनि पढ्न मिल्ने, दिउँसो आफू अरु काममा व्यस्त हुने हामी जस्तालाई यो कक्षा बरदान सवित भएको छ", उहाँ भन्नुहुन्छ। आफूहरु अनलाइन कक्षाको पहिलो समूह भएकाले पाठ्यपुस्तक हात नपरे पनि आफूले खोजर पढ्ने बानीको विकास भएको उहाँको भनाइ छ।

अर्का विद्यार्थी ज्ञानु पहाडी अन्य पेसामा रहेका विद्यार्थीलाई काम नछोडी शैक्षिक उपाधि दिलाउन अनलाइन कक्षा राम्रो विकल्प भएको बताउनुहुन्छ। इन्टरनेट र उपयोगी मोबाइल फोन नहुँदा भने यो चुनौतीपूर्ण हुन जाने पनि उहाँको धारणा छ। कुनै दिन अनलाइनका कक्षा लिन नभ्याइएमा डिजिटल रेकर्ड हेरेर उक्त छुटेको कक्षा लिन सकिने उहाँ बताउनुहुन्छ। "हामीले विभिन्न स्रोतबाट अध्ययन सामग्री खोज्छौं र शिक्षकलाई देखाउँछौं। उहाँबाट यससम्बन्धी मार्गदर्शन पाएपछि त्यसै अनुसार सच्च्याउँछौं" उहाँले भन्नुभयो।

समयसमयमा हुने बन्द हड्ताल, परीक्षा केन्द्र तोकिने, क्याम्पसको आन्तरिक विवाद आदि अनेकौं कारणले नियमित कक्षा नहुने, भएकै कक्षामा पनि विद्यार्थीको उपस्थित न्यून रहने गरेको छ। शिक्षकको अनुपस्थितिका कारण पनि कयौं दिनसम्म कक्षा नहुने समस्या अनलाइन कक्षाले समाधान दिएको छ। भौतिक कक्षामा भन्दा अनलाइन कक्षामा हाजिर हुनुपर्ने, दिइएका गृहकार्य गर्नै पर्ने, तोकिएकै दिन बुझाउनै पर्ने र शिक्षक-विद्यार्थीका सबै गतिविधि श्रव्यदृश्य रेकर्ड हुने कारण सही अर्थको पठनपाठन हुने सम्बन्धित शिक्षक विद्यार्थी बताउँछन्।

त्रिविमा अनलाइन कक्षाको सुरुआत कोभिड-१९ का कारण सन् २०२० को सुरुतिर अर्थात् बन्दाबन्दी हुनुभन्दा एक महिनाअघि भएको हो। त्यतिबेला देशमा कतै पनि अनलाइन कक्षाबारे सोचाइ नै रहेको थिएन। त्यसबेला दूर शिक्षासम्बन्धी एक प्रयोगका रुपमा त्रिविको शिक्षा शास्त्र सङ्कायले एमएड तहको कार्यक्रम इन्टरनेट प्रविधिको माध्यमबाट सञ्चालन गर्ने तयारी गरिरहेको थियो। त्यसको केही महिनापछि नै बन्दाबन्दी भएकाले भौतिक उपस्थितिमा अध्ययन अध्यापन सम्भव भएन। त्यसपछि त अनलाइन कक्षा नै अनिवार्य विकल्प बन्न पुगेको थियो। विश्वविद्यालयदेखि विद्यालय तहसम्म अनलाइन कक्षाबाटै पठनपाठन हुन थाल्यो।

**घरै बसेर विश्वविद्यालयको उपाधि**

पछिल्ला केही वर्षयता विश्वविद्यालयका विद्यार्थीहरुमा भर्ना हुने दिन क्याम्पस जाने र त्यसपछि एकैपटक जाँच दिने प्रवृत्ति बढ्दै गएको छ। आफ्नै बाध्यता वा क्याम्पसका कारण विद्यार्थीलाई भर्ना भएपछि कक्षा लिनुपर्छ भन्ने सोच विस्तारै हराउँदै जाँदा पछिल्लो समय विद्यार्थीको उपस्थिति पातलिँदै गएको छ। कतिपय विद्यार्थीमा पढ्नभन्दा अरु उद्देश्यले भर्ना हुने प्रवृत्ति नभएको होइन। त्यसैले कक्षामा देखिने सङ्ख्याभन्दा परीक्षा दिने बेलामा विद्यार्थीको सङ्ख्या उल्लेखनीय रूपमा बढी हुन्थ्यो।

समेष्टर प्रणाली लागू भएपछि त्यो समस्या त समाधान भयो तर ८० प्रतिशत हाजिरी अनिवार्य, आन्तरिक मूल्याङ्कनको अङ्कभार नै ४० प्रतिशत गरिएका कारण विद्यार्थी सङ्ख्या नै घट्दै गयो। कक्षामै उपस्थित भएर पढ्न धेरै विद्यार्थीलाई समस्या रहेछ भन्ने देखियो। त्यसैले घर वा कार्यस्थलमै रहेर पनि विश्वविद्यालयका कक्षा लिन सकिने विकल्पको रुपमा अनलाइन कक्षाप्रति आकर्षण बढेको हुनसक्ने विश्वविद्यालयको शिक्षा शास्त्र सङ्कायअन्तर्गत राजनीतिक शास्त्र विभागका पूर्वप्रमुख केशवराज पौडेल बताउनुहुन्छ। अनलाइनमा पढाउँदा हरेक कक्षाको डिजिटल रेकर्ड हुने भएकाले शिक्षकले पढाएको कुरा र विद्यार्थीले त्यस कक्षामा गरेको अन्तक्रियासमेतको अभिलेख बस्छ। "विद्यार्थी र शिक्षक कसैले पनि ढाट्न सक्ने अवस्था रहँदैन", उहाँले भन्नुभयो।

यसका साथै विद्यार्थीले दिइएका गृहकार्य तत्काल बुझाउनु पर्ने र शिक्षकले त्यसमाथि गरेको मूल्याङ्कन पनि डिजिटलमै राख्नुपर्ने भएकाले अन्यथा नहुने हुँदा यसको प्रभावकारिता रहेको उहाँको भनाइ छ। कक्षामा विद्यार्थीको उपस्थिति, उसको सक्रिय सहभागिता, आन्तरिक मूल्याङ्कन र दिइएका अङ्कबारे कसैले प्रश्न उठाएमा वा उजुरी परेमा समेत श्रव्यदृष्यसहितको प्रमाण पेश गर्न सकिने उहाँ बताउनुहुन्छ।

**काम गर्दै डिग्री खोज्नेहरुका लागि उपयोगी**

अनलाइन कक्षा एउटा एनरोइड मोबाइल वा ल्यापटप कम्प्युटरको माध्यमबाट इन्टरनेट पुगेको देशको जुनसुकै कुनाबाट पनि लिन सकिन्छ। काम वा अन्य कारणले आफू बसेको स्थान छोडेर विश्वविद्यालयका कक्षामा उपस्थित हुन नसक्ने विद्यार्थीका लागि निकै प्रभावकारी रहेको प्राध्यापक पौडेलको भनाइ छ। "खासगरी आफ्नो शैक्षिक योग्यता बढाउन चाहने तथा कक्षामा उपस्थित हुन नसक्नेलाई यसले उपयुक्त विकल्प दिन्छ", उहाँले भन्नुभयो। विगतमा जागिरेहरुले काम गर्दै पढ्दा कतिपय अवस्थामा कक्षा लिएको र कार्यालयमा हाजिर गरेको दिन एउटै परेर समस्या सिर्जना हुने र अख्तियारमा उजुरी समेत लाग्ने गरेको समेत उहाँले उल्लेख गर्नुभयो। "└ तर यसमा अनलाइन कक्षा भनेरै शैक्षिक उपाधि दिइने हुँदा कर्मचारीले कार्यालय समयमा पढ्न गएको वा कक्षा नलिई शैक्षिक उपाधि लिएको भन्ने दोष रहँदैन", उहाँले थप्नुभयो। विद्यार्थीले घरमा, यात्रामा वा कुनै पनि ठाउँमा कक्षा लिन सक्दछन्।

**घरपायक परीक्षा केन्द्र**

भौतिक कक्षामा जस्तो पढेका क्याम्पसका लागि तोकिएकै केन्द्रमा पुग्नुपर्ने बाध्यता पनि यसमा विद्यार्थीलाई छैन। नयाँ कार्यविधिअनुसार विद्यार्थीले आफूलाई पायक पर्ने ठाउँको स्नातकोत्तर तह अध्ययन हुने क्याम्पसमा गएर यसको प्रवेश परीक्षा दिन पाउँछन्। देशभर एक सय आठ स्थानमा रहेका क्याम्पसमध्ये कुनै पनि क्याम्पसबाट उक्त परीक्षा दिन सकिन्छ। शुरुमा भर्ना हुन भने विद्यार्थीले विभागसँग समन्वय गर्नुपर्छ। भर्नापछि प्रत्येक समेष्टरको शुरुमा र अन्तिम परीक्षाअघि गरी दुईपटक प्रत्यक्ष उपस्थितिको कक्षा सञ्चालन गरिन्छ। यसबाट शिक्षक-विद्यार्थीबीच राम्रोसँग अन्तक्रिया हुनेछ।

कक्षाका लागि शुरुमा माइक्रोसफ्ट एप्लिकेशनबारे विद्यार्थीलाई जानकारी दिइन्छ। त्यसपछि उनीहरुलाई कक्षामा कसरी बस्ने, आएका डिजिटल पाठ्यसामग्रीलाई कसरी लिने र गृहकार्य सम्बन्धित शिक्षकलाई कसरी बुझाउने भन्ने पनि सिकाइन्छ। साथै विद्यार्थीले आफूले दिएको उत्तर र त्यसबापत शिक्षकले दिएको अङ्क तत्कालै हेर्न र थप छलफल गन पाउँछ।

अनलाइन कक्षा पढने त्रिविका विद्यार्थीलाई अहिले माइक्रोसफ्टले एक टेराबाइट स्थान उपलब्ध गराएको छ। इन्टरनेटकै माध्यमबाट विद्यार्थीले त्रिविको केन्द्रीय पुस्तकालय, भारतको दिल्ली विश्वविद्यालय, जवाहरलाल नेहरु विश्वविद्यालयलगायत थुप्रै देशका विश्वविद्यालयका दुई लाखभन्दा बढी डिजिटल स्रोतको प्रयोग गर्न सक्नेछन्।

अनलाइन कक्षाको सुविधाका कारण शिक्षा शास्त्र, राजनीति शास्त्र, अङ्ग्रेजी, नेपाली, समाजशास्त्रअन्तर्गतका १५ वटा विषय विभागहरुले अनलाइन कक्षा शुरु गरेका छन्। सबैतिर गरी हाल तीन सय जनाभन्दा बढी विद्यार्थी अनलाइन कक्षामा जोडिएका छन्। यसको प्रभावकारिता देखेर विज्ञान जस्ता प्रयोगशाला आवश्यक भएका विषयबाहेक त्रिविका अन्य संस्थान र सङ्कायले पनि अनलाइन कक्षा सुरु गर्न खोजेको प्राध्यापक पौडेलले जानकारी दिनुभयो। शिक्षा शास्त्र सङ्काय प्रमुख प्राध्यापक डा शम्भु खतिवडाका अनुसार गत वर्ष शिक्षाशास्त्र सङ्कायकै अङ्ग्रेजी र गणित कार्यक्रममा अनलाइन माध्यमबाट भर्ना लिन शुरु गरिएको हो। स्नातकोत्तर तहको सामाजिक अध्ययनमा भने प्रत्यक्ष भर्ना मात्र लिइएको थियो।

राजनीतिक सङ्कायले बल गरेरै अनलाइन चलाउँदा विद्यार्थी सङ्ख्या पाँचबाट बढेर ५५ पुग्यो। अहिले त्रिविमा सामाजिक अध्ययनको तेस्रो वर्ष चलिरहेको छ। पहिलो वर्षमा एक सय २०, दोस्रोमा एक सय ३५ र तेस्रा वर्षमा ६० जना भर्ना भएर परीक्षा समेत दिइसकेका छन्।

**भौतिक व्यवस्थापन मुख्य चुनौती**

प्रविधिकै सहयोगमा चलाउनु पर्ने हुँदा अनलाइन कक्षा सञ्चालन त्यति सजिलो भने छैन। विद्यार्थी र शिक्षक दुवैसँग अनलाइन कक्षाका लागि उपयुक्त हुने स्मार्टफोन वा ल्यापटपसँगै भरपर्दो इन्टरनेट अनिवार्य हुन्छ। पढाउन सर्वाधिक सहज हुने स्मार्टबोर्ड नै चाहिने हो तर ती सबै कुरा सबै ठाउँमा सहज हुँदैन, शिक्षकको व्यक्तिगत ल्यापटप प्रयोग गरेर यो सबै गरिरहेका छौं", प्राध्यापक पौडेल भन्नुहुन्छ।

प्रत्यक्ष कक्षा लिनका लागि त्रिविले नियुक्त गरेका शिक्षक र प्राध्यापकहरुलाई अनलाइन कक्षाका लागि अनुकूल हुने गरी आवश्यक तालिम दिनुपर्ने हुन्छ। अनलाइन कक्षाको अर्थ इन्टरनेटमार्फत जोडिनु मात्र नभई कक्षालाई कसरी सहज ढङ्गले सञ्चालन गर्ने, विद्यार्थीलाई गृहकार्य र पाठ्यसामग्री कसरी दिने आदि विषयमा पनि व्यावसायिक तालिम दिनुपर्ने हुन्छ। "कक्षालाई बढीभन्दा बढी अन्तर्क्रियात्मक बनाउन शिक्षकलाई प्रविधिसँग पूर्ण अभ्यस्त बनाउनैपर्छ", डा खतिवडा बताउनुहुन्छ। प्रविधिमा अभ्यस्त भएका शिक्षकले प्रभावकारी कक्षा लिएको तर अभ्यस्त नभएका कतिपय शिक्षकलाई प्रस्तुतीकरणमा समस्या रहेको उहाँको भनाइ छ। त्रिविको नियमित बजेटबाट अनलाइन कक्षाका सबै आवश्यकता पुरा गर्न सम्भव नभएको डा खतिवडा बताउनुहुन्छ।

# नेपालमा पनि पोलियो रोग जोखिममा

काठमाडौं, ८ कात्तिक (रासस) ।

बिहीबार नेपालसहित विश्वभर पोलियो दिवस मनाइँदै छ । यस वर्ष दिवसको नारा 'पोलियो अन्त्य गरौं' भन्ने रहेको छ ।

दिवसको अवसरमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले भिडियो सन्देश जारी गर्दै पोलियो रोग उन्मुलन गर्ने विश्वव्यापी महान अभियानमा संलग्न हुन सबैमा अनुरोध गर्नुभएको छ । उहाँले सन्देशमा पोलियो उन्मूलन गर्ने महान अभियानमा संलग्न हुनु भनेको आफ्ना बालबालिकालाई एक वर्ष उमेरभित्र एक/एक महिनाको फरकमा तीन पटक पोलियो थोपा खुवाउनु रहेको उल्लेख गर्नुभएको छ ।

मन्त्री पौडेलले सुइबाट दिइने पोलियो खोप पनि १४ हप्ताको उमेरमा र नौ महिनाको उमेरमा एक/एक पटक लगाउनुपर्ने बताउनुभयो । "अझै पनि केही देशमा पोलियोका नयाँ बिरामी देखापरिरहेका छन्, विश्वका कतिपय देशमा वातावरणमा पनि पोलियोका भाइरस देखिएको हुँदा पोलियोको जोखिम कायम रहेको छ", उहाँले भन्नुभएको छ, "हाम्रो देशको सन्दर्भमा पनि वातावरणमा पोलियो भाइरस भए/नभएको बारे गरिने निगरानीलाई थप प्रभावकारी बनाइएको छ ।"

संसारबाट पोलियो रोग उन्मुलन नभएसम्म हामी पनि पोलियो जस्तो घातक रोगको जोखिममा रहिरहने परिस्थिति रहेको मन्त्री पौडेलेको भनाइ रहेको छ । उहाँले नेपालमा पनि पोलियोको जोखिम अझै कम नभएकाले सबै अभिभावकलाई आफ्ना बालबालिकालाई तोकिएको उमेरमा नै पोलियो खोप लगाउन आग्रह गर्नुभएको छ ।

मन्त्री पौडेलले पोलियो खोपसँगै सरकारले प्रदान गर्ने सबै खोप लगाउनसमेत अनुरोध गर्नुभएको छ । पोलियो रोग पोलियो भाइरसबाट हुने सङ्क्रामक रोग हो । पोलियो लागेपछि ज्वरो आउने, पखाला लाग्ने, जीउ दुख्ने, थकाइ महसुस गर्ने र रोग गम्भिर हुन थाल्यो भने पक्षघात हुने तथा मृत्युसम्म हुने गर्दछ ।

पोलियो रोग दुषित खाना र पानीको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । नेपालमा पाँच वर्ष मुनिका बालबालिकालाई मुखबाट र सुइबाट दुई तरिकाले पोलियोविरुद्धको खोप प्रदान गरिँदै आइएको छ ।

मुखबाट खुवाइने खोप (ओरल पोलियो भ्याक्सिन) तीन पटक जन्मेको छ हप्ता, १० हप्ता र १४ हप्ताको उमेरमा तथा सुईबाट दिइने खोप (इनएक्टिभेटेड पोलियो भ्याक्सिन) दुई पटक १४ हप्ता र ९ महिनाको उमेरमा दिने गरिन्छ ।

बालस्वास्थ्य तथा खोप शाखाको प्रमुख डा अभियान गौतमले पोलियो रोग जुनसुकै उमेरका मानिसमा पनि लाग्ने तर बढीजसो पाँच वर्ष मुनिका बालबालिका बढी जोखिम हुने गरेको बताउनुभयो । पोलियोबाट बच्नका लागि पोलियोविरुद्धको खोप नै लगाउनु रहेको उहाँको भनाइ छ । पोलियोबाट बच्नका लागि साथै व्यक्तिगत सरसफाइ, शुद्धिकरण गरिएको पानी र स्वच्छ खानामा पनि विशेष ध्यान दिनुपर्दछ ।

गत जेठमा टुकुचा खोला र बागमती नदीको सङ्गम स्थल टेकुमा पोलियो जिवाणु भेटिएपछि काठमाडौं उपत्यकाका तीन जिल्लामा पाँच वर्ष मुनिका बालबालिकालाई पोलियोविरुद्धको खोप लगाइएको थियो ।

# रास्वपाका कार्यकर्ताबाट भइरहेका गतिविधिप्रति एमालेको गम्भीर ध्यानाकर्षण

काठमाडौं, ८ कात्तिक (रासस) ।

नेकपा एमालेले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का राजनीतिक दल, व्यक्ति र संस्थाबाट भइरहेका गतिविधि विधिको शासनविरुद्ध भएको जनाएको छ ।

एमालेका महासचिव शंकर पोखरेलले बिहीबार विज्ञप्ति जारी गरी सहकारी संस्थाको रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष समितिको प्रतिवेदन कार्यान्वयन प्रक्रिया अघि बढिरहँदा रास्वपाका कार्यकर्ताबाट भइरहेका गतिविधिप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाउनुभएको हो ।

संसदीय विशेष समितिले बनाएको प्रतिवेदनको आधारमा किटान गरिएका व्यक्तिलाई अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया अघि बढेको र त्यसमा सहयोग गर्नु सबैको साझा कर्तव्य रहेको एमालेले जनाएको छ ।

छानबिन समितिले सर्वसम्मतरूपमा औंल्याएका विषयमा छानबिन प्रक्रिया अघि बढिरहेको अवस्थामा प्रधानमन्त्री, सरकारका जिम्मेवार व्यक्ति र निकाय विरुद्ध जिम्मेवार व्यक्तिबाटै अमर्यादित अभिव्यक्ति दिने, गालीगलौज गर्ने र गलत आक्षेप लगाउँदै छानविन प्रक्रियालाई प्रभावित गर्ने गरी भ्रम सिर्जना गर्नु अत्यन्त दुःखद् भएको एमालेको ठहर छ ।

फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, प्रतिरक्षालाई स्वतन्त्र, भयरहित र वैज्ञानिक बनाइ फौजदारी न्याय प्रणालीको प्रभावकारिता बनाउनु सबैको साझा दायित्व भएको विज्ञप्तिमा उल्लेख छ ।

सबै पक्षको सकारात्मक सहयोगबाट अनुसन्धान प्रक्रियालाई प्रभावकारी बनाई दोषी नउम्कने र निर्दोष कोही नफस्ने कुराको सुनिश्चितता गर्न सकिने एमालेले जनाएको छ । कानुनले अनुसन्धान र अभियोजन गर्ने छुट्टाछुट्टै निकायको व्यवस्था गरेको स्मरण गराउँदै एमालेले रविको पक्राउबारे सरकार र नेतृत्वलाई जोडेर चर्चा गर्नु, अनुसन्धान र अभियोजन प्रक्रियालाई अनुचित प्रभाव पार्ने कार्य न्यायिक दृष्टिकोणबाट अनुपयुक्त भएको ठहर गरेको छ ।

राष्ट्र सेवकलाई कानुनबमोजिम तोकिएको काम गर्न नदिन वा कर्तव्य पालना गर्न नदिने हिसाबले पाँच जना बढीको भेला गर्नु गराउनु आफैँमा कसुर भएको एमालेको ठहर छ । यस्तो कसुरमा सङ्घीय सांसदकै उपस्थिति हुनु गैरकानुनी भएको एमालेले जनाएको छ । 'यस्तो कसुरमा सङ्घीय संसद्को सदस्य उपस्थिति हुनु र यस्तो कसुर गर्न अरूलाई उक्साउनु पूर्णतः गैरकानुनी कार्य हो, यस्तो भेलामा सहभागी नहुन प्रहरीले गरेको अनुरोधको अवज्ञा गर्ने प्रत्येक व्यक्ति कसुरदार मानिने कानुनी व्यवस्था भएतर्फ सबै पक्ष सचेत हुनुपर्दछ', विज्ञप्तिमा उल्लेख छ ।

एमालेले सरकारका अख्तियारप्राप्त निकायबाट भइरहेको अनुसन्धान र अभियोजन प्रक्रियामा बाधा पुऱ्याउने कुनै प्रकारका गतिविधि नगर्न समेत आग्रह गरेको छ । यस्ता गतिविधि नियन्त्रण गरेर स्वच्छ र निष्पक्ष न्यायिक निरुपणको वातावरण बनाउन पनि एमालेले सरकारलाई अनुरोध गरेको छ ।

# डेढ महिनाभित्रमा पाइपलाइनबाट पेट्रोल आयात हुँदै

**हिमाल लम्साल**

पर्सा, ८ कात्तिक (रासस) ।

नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइनबाट अबको डेढ महिनमा पेट्रोल पनि आयात हुने भएको छ ।

मोतीहारी-अमलेखगञ्ज परियोजनाअन्तर्गत नेपाल आयल निगमले गत असोज १७ गते पाँच हजार पाँच सय किलोलिटर पेट्रोल पाइपलाइनबाट ल्याएर प्राविधिक परीक्षण गरिरहेको छ । अमलेखगञ्जस्थित निगम प्रादेशिक कार्यालयका प्रमुख प्रलयङ्कर आचार्यले मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणको पूर्वाधार निर्माण पूरा भएसँगै परीक्षणको काम पारम्भ भएको जानकारी दिनुभयो ।

"दोस्रो चरणअन्तर्गतका ठूला पूर्वाधार निर्माणका सबै काम पूरा भएको छ", उहाँले भन्नुभयो, "गत असोज १७ गते पाइपलाइनबाट परीक्षणका लागि पाँच हजार पाँच सय किलोमिटर पेट्रोल ल्याएर जडान भएका उपकरणको प्रभावकारिताको परीक्षण गरिरहेका छौं । सम्भवतः डेढ महिनाभित्रमा परीक्षण पुरा गरेर डिजेलजस्तै पेट्रोल पनि व्यावसायिक रुपमा पाइपलाइनबाटै ल्याइनेछ ।"

परियोजनाको दोस्रो चरणअन्तर्गत ४१ सय किलोलिटर क्षमताका दुईवटा पेट्रोलका ट्याङ्कीलगायत पूर्वाधार निर्माण सम्पन्न भइसकेका छन् । "निगमले दोस्रो चरणको परियोजनाअन्तर्गत निर्माण गरेका उपकरण तथा पूर्वाधारको प्राविधिक जाँचको कामलाई तीव्रता दिइरहेको छ । दोस्रो चरणअन्तर्गत जडान भएका पेट्रोलका ट्याङ्की, मोटर, पम्प, पाइपलाइन, स्वचालित पेट्रोल भर्ने स्टेशनलगायत प्राविधिक पक्षको पनि परीक्षण भइरहेको छ ।" कार्यालय प्रमुख आचार्यले राससससँग भन्नुभयो ।

निगमकाअनुसार पेट्रोल पाइप लाइनबाट ल्याएसँगै ढुवानी खर्चको लागत प्रतिलिटर रु तीनका दरले एक अर्ब जोगिने छ । "हाल पेट्रोल र मट्टितेल भारतको बरौनीबाट ट्याङ्करमा ढुवानी गर्दै आएको छ", उहाँले भन्नुभयो, "पाइपलाइनबाट पेट्रोल ल्याउँदा ढुवानी खर्च र वातावरण प्रदूषण दुवै जोगिनेछ ।" डिजेल भने पाइप लाइनबाटै आयात भइरहेको छ ।

निगमका अनुसार पम्पहाउस, अत्याधुनिक प्रयोगशाला, 'फायरफाइटिङ सिस्टम'को स्तरोन्नति, 'आयल वाटर स्प्रे', 'पिएमससिसी रुम'लगायत पूर्वाधार निर्माण भएको छ । अमलेखगञ्जमा निगम र भारतीय पक्षले विभिन्न पूर्वाधार निर्माणको जिम्मेवारी पाएको थियो । निगमले दोस्रो परियोजना कार्यान्वयनका लागि एक अर्ब ५४ करोड भारु खर्चिएर चार हजार एक सय किलोलिटर क्षमताको पेट्रोलको ट्याङ्क, अत्याधुनिक प्रयोगशाला, फायरफाइटिङ सिस्टमको स्तरोन्नति र २४ वटा पूर्णरूपमा स्वचालित पेट्रोल भर्ने स्टेसन निर्माणको काम अघि सारेको थियो ।

इन्डियन आयल कर्पोरेसन लिमिटेडले पनि ६० करोड भारु खर्चिएर चार हजार एक सय किलोलिटर क्षमताको ट्याङ्क, दुई सय ५० किलोलिटर क्षमताको दुईवटा ट्रान्समिक्स ट्याङक, तीन हजार किलोलिटर क्षमताको दुईवटा फायरवाटर ट्याङ्क निर्माणको जिम्मेवारी लिएको थियो । सन् २०१५ मा पाइप लाइन विस्तारका लागि पहिलो र दोस्रो चरणमा गरेर दुई अर्ब ७५ करोड भारु लाग्ने अनुमान गरिएको थियो । सो योजनाअनुसार पहिलो चरणमा भारतीय पक्षले दुई अर्ब भारु र दोस्रो चरणमा नेपालको तर्फबाट ७५ करोड भारु खर्च गर्ने योजनो थियो ।

पहिलो चरणको पूर्वाधार निर्माणमा योजनामा भारतको तर्फबाट दुई अर्ब भारु खर्च भए पनि दोस्रो चरणको काम तत्कालै सुरु हुन सकेन । दोस्रो चरणको पाइप लाइन विस्तारको लागत बढेर भारु एक अर्ब ५४ करोड पुगेको छ । पहिलो चरणको काम सम्पन्न भई विसं २०७६ भदौ २५ गतेदेखि पाइप लाइनबाट डिजेल आयात भइरहेको निगमले छ ।

## विश्व समाचार

### उत्तर कोरियाले अक्टोबरमा तीन हजार सेना रूस पठाएको अमेरिकाको दाबी

वासिङ्टनडीसी (अमेरिका), ८ कात्तिक (रासस/एएनआई) ।

उत्तर कोरियाले कम्तिमा तीन हजार उत्तर कोरियाली सेना अक्टोबरमा रूसमा पठाएको ह्वाइट हाउसले जनाएको छ । ह्वाइट हाउसका अनुसार उनीहरू युक्रेन विरुद्धको लडाइँमा सहभागी हुने अत्यधिक सम्भावना रहेको छ ।

ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा सञ्चार सल्लाहकार जोन किर्बीले बुधबार पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उत्तर कोरियाली सैनिकहरू युक्रेनसँग लड्न रुस जादैगरेको सार्वजनिक सुचना पाएको बताउनुभएको छ ।

सेना उत्तर कोरियाको वोनसनबाट रूसको भ्लाडिभोस्टोकसम्म जहाज मार्फत गएको बताउँदै हाल उनीहरु रूसी सैन्य प्रशिक्षणमा रहेको बताउनु भएको छ । प्रशिक्षण पछि सैनिकहरूले युक्रेनी सेनाविरुद्ध लडाइँमा संलग्न हुन सक्ने चिन्ता उहाँले व्यक्त गर्नु भएको छ ।

किर्बीले अमेरिकाले युक्रेनी सरकारलाई उनीहरूको अवस्था बारेमा जानकारी दिएको बताउँदै उत्तर कोरियाले मस्को र किभबिचको द्वन्द्वमा प्रवेश गऱ्यो भने युद्धमा रूस कायरतालाई उजागर गर्ने उल्लेख गर्नुभएको छ ।

युक्रेनविरुद्धको युद्धमा रुसले हरेक दिन असाधारण हताहत भोगिरहेको बताउँदै किर्बीले अझै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावको विपरित युक्रेनसँग द्वन्द्व जारी राख्न चाहेको बताउनु भएको छ ।

ह्वाइट हाउसका वरिष्ठ अधिकारीले युद्धका लागि युक्रेनलाई अमेरिकी सहयोगको बारेमा कुरा गर्दै अमेरिका युक्रेनलाई थप युद्ध सामग्री प्रदान गर्ने तयारीमा रहेको बताउनुभएको छ । उहाँले अमेरिकी राष्ट्रपति जो बाइडेन युक्रेनलाई सहयोग गर्न कटिबद्ध रहेकोसमेत जानकारी दिनु भएको छ ।

युक्रेनका लागि अमेरिकी समर्थनको पुष्टि गर्दै उहाँले आगामी दिनमा अमेरिकाले युक्रेन विरुद्ध रुसको युद्धका समर्थकलाई लक्षित गरी महत्वपूर्ण प्रतिबन्धको घोषणा गर्ने जनाउनुभएको छ ।

### एक सय चालिसभन्दा बढी रोहिंग्या शरणार्थी इन्डोनेसियामा

डेलीसर्डाङ (इन्डोनेसिया), ८ कात्तिक (रासस/एएफपी) ।

पश्चिमी इन्डोनेसियामा बिहीबार कम्तिमा १४६ रोहिंग्या शरणार्थीहरू आइपुगेको स्थानीय अधिकारीले बताएका छन् । अधिकारीका अनुसार समुद्रको अवस्था शान्त भएपछि उत्पीडित अल्पसङ्ख्यक शरणार्थीहरूआगमन पुनः बढेको छ ।

मुस्लिम समुदायका रोहिंग्याहरूलाई म्यानमामा असमानता र आफ्ना अधिकारहरु बाट वञ्चित भई हरेक वर्ष मलेसिया, इन्डोनेसियालगायतका देशमा पुग्न लामो र खतरापूर्ण समुद्री यात्रा गर्ने गर्छन् ।

उत्तरी सुमात्रा प्रान्तको पान्ताई लाबु सहरमा अवतरण गरेको डङ्गामा ६४ जना पुरुष, ६२ जना महिला र २० जना बालबालिका शरणार्थी रहेको स्थानीय अधिकारी मुहम्मद फैसल नसुसनले बताउनुभएको छ ।

उहाँका अनुसार शरणार्थीलाई स्थानीय जिल्ला कार्यालय स्थित अस्थायी आश्रयमा लगिएको जहाँ उनीहरू स्थानान्तरणको प्रतीक्षामा छन् । नासुसनले भोका नाङ्गा तथा तकित हवस्थामा रहेका शरणार्थीहरूलाई स्थानीयले कपडा तथा खाद्यान्न पनि उपलब्ध गराएको बताउनुभएको छ ।

उनीहरू संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सी (युएनएचसीआर) को स्थानान्तरणको थप निर्देशनको प्रतिक्षामा रहेको र शरणार्थीहरूलाई सहयोगार्थ एउटा टोली घटनास्थलमा रहेको इन्डोनेसियामा युएनएचसीआरका लागि सुरक्षा सहयोगी फैसल रहमानले बताउनुभएको छ ।

उत्तरी सुमात्राको सिमानामा रहेको दक्षिणी आचेहको तटबाट एक माइल टाढा एक सयभन्दा बढी शरणार्थीको अर्को समूह रहेको उल्लेख गर्दै युएनएचसीआरले बिहीबार उनीहरूको उद्धारको योजना बनाएको जनाएको छ ।

### बंगलादेशद्वारा पूर्वप्रधानमन्त्री शेख हसिना पार्टीको विद्यार्थी संगठन प्रतिबन्धित

ढाका, ८ कात्तिक (रासस/एएनआई) ।

जुलाई-अगस्ट विद्रोहको नेतृत्व गर्ने विद्यार्थी समूहको मागपछि पूर्व प्रधानमन्त्री शेख हसिनाको पार्टी अवामी लिगको निकट विद्यार्थी सङ्गठन 'बङ्गलादेश छात्र लिग'लाई बङ्गलादेशको अन्तरिम सरकारले बुधवार प्रतिबन्ध लगाएको छ ।

सरकारले "आतङ्कवाद विरोधी ऐन, २००९" को धारा १८ को उप-धारा (१) मा प्रदान गरिएको शक्ति अन्तर्गत बङ्गलादेश अवामी लिगको भ्रातृ सङ्गठन बङ्गलादेश छात्र लिगलाई प्रतिबन्ध लगाएको बङ्गलादेशको गृह मन्त्रालयले एक आधिकारिक आदेशमा जनाएको छ ।

यसअघि मङ्गलबार पूर्वप्रधानमन्त्री शेख हसिनालाई सत्ताच्युत गर्ने नेतृत्वको समूह 'एन्टी-डिस्क्रिमिनेशन स्टुडेन्ट मुभमेन्ट'ले बङ्गलादेशका राष्ट्रपति मोहम्मद साहाबुद्दिनको राजिनामासहित पाँच बुँदा मागको घोषणा गरेको थियो ।

मागमा अवामी लिगको विद्यार्थी सङ्गठन बङ्गलादेश छात्र लिगमाथि प्रतिबन्ध लगाउने पनि समावेश थियो ।

"बङ्गलादेशको स्वतन्त्रतापछि विभिन्न समयमा, विशेष गरी पछिल्लो १५ वर्षको तानाशाही शासनकालमा, बङ्गलादेश अवामी लिगको भ्रातृ सङ्गठन 'बङ्गलादेश छात्र लिग' हत्या, यातना, साझा कोठामा उत्पीडन, छात्रावास, बलात्कार र यौन उत्पीडनलगायतका विभिन्न सार्वजनिक सुरक्षा सम्बन्धी गतिविधिमा संलग्न रहेको छ", बङ्गलादेशको गृह मन्त्रालयले जारी गरेको आदेशमा भनिएको छ ।

"यस सम्बन्धमा दस्तावेजी जानकारी देशका सबै प्रमुख मिडियामा प्रकाशित गरिएको छ र केही आतङ्कवादी घटनामा सङ्गठनका नेता एवं कार्यकर्ता फौजदारी अदालतमा पनि प्रमाणित भएका छन्", बुधबार साँझ जारी गरिएको आदेशमा भनिएको छ ।

# चिनियाँ नागरिकसँग बालिकालाई विवाह गराउँदै गर्दा ८ जना पक्राउ



**दैनिक समाचारदाता**
**सुनसरी, ८ कात्तिक ।**

बालिकालाई चिनियाँ नागरिकसँग विवाह गराउँदै गर्दा सुनसरीमा प्रहरीले ८ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा तीन जना चिनियाँ नागरिक छन् ।

धनकुटा छथर जोरपाटी २ की १६ वर्षकी बालिकालाई सुनसरीको चतरास्थित औलिया बाबाको मन्दिरमा चीनको हुबेल भन्ने स्थान बस्ने ३३ वर्षीय लि टेङ नामका चिनियाँ नागरिकसँग विवाह गराउँदै गर्दा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

प्रहरीले किशोरीका बाबु, ३३ वर्षीय चिनियाँ नागरिक लि टेङ, उदयपुरको बेलका नगरपालिका ९ का ४३ वर्षीय दीपक दर्जी, सोही स्थानका ४२ वर्षीय बद्रीबिक्रम राई, स्याङ्जा पुतलीबजार नगरपालिका-१२ का २० वर्षीय शितल गुरुङ, काभ्रेपलान्चोकको रोशी गाउँपालिका-३ की २० वर्षीया रोशनीमाया तामाङसँगै चिनियाँ नागरिक ३५ वर्षीय डोङ शिहाओ र वु हेजीलाई पक्राउ गरेको हो ।

नेपालको कानुन अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्नु वा गराउन नहुने कानुनी व्यवस्था छ । यसरी जबर्जस्ती विवाह गराएमा विवाह बदर हुनेछ र यसमा कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँ जरिवाना हुने व्यवस्था पनि मुलुकी देवानी संहिता २०७४ मा छ ।

सुनसरीका प्रहरी उपरीक्षक सुमन तिम्सिनाका अनुसार किशोरीलाई प्रलोभनमा पारी जबर्जस्ती विवाह गर्दै गर्दा प्रहरीले उद्दार गरेको हो ।

उनका अनुसार विपन्न परिवारका किशोरीका बुबाले भने छोरीका लागि राम्रै होस् भनेर विवाह गरेको बताएका छन् । 'छिमेकी किशोरीको पनि बिहे चिनियाँसँग भएको रहेछ, छिमेकी भिनाजु (चिनियाँ नागरिक) पनि आएका कारण विवाह गरेको देखिन्छ', एसपी तिम्सिनाले भने ।

चिनियाँ पक्षले विवाह गर्नुको कारणबारे अनुसन्धान भइरहेको उनले बताए । किशोरीको जबरजस्ती विवाहको तयारी गरेपछि उनकै आफन्तले प्रहरीलाई खबर गरेका थिए । खबर पाएपछि प्रहरी विवाह मण्डपमा पुगेको अनलाइन खबर डटकमले जनाएको छ ।

# अवैध भारतीय सामानसँगै स्कर्पियो प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**रौतहट, ८ कात्तिक ।**

रौतहटमा प्रहरीको गस्ती टोलीले अवैध भारतीय सामानसँगै एउटा स्कर्पियो गाडी नियन्त्रण लिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटको गस्ती टोलीले भारतबाट अवैध रूपमा विभिन्न सामान ल्याउँदै गरेको बीआर ०१ एफ वाई ३२०९ नम्बरको स्कर्पियो बुधबार नियन्त्रणमा लिएको हो ।

उक्त गाडीमा १ लाख २२ हजार मूल्य बराबरको भारतीय धान र केराउ बरामद भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले बताए । बरामद स्कर्पियो र धान केराउको समेत गरी कुल ३६ लाख २२ हजार मूल्याङ्कन सहित आवश्यक कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको प्रवक्ता रायले जानकारी दिएका छन् ।

त्यसै गरी चन्द्रपुर नगरपालिका ८ बस्तीपुर स्थित एक थान १ नाले बन्दुक बरामद भएको छ। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट गएको गस्ती टोलीलाई देखेर एकजना अपरिचित व्यक्तिले उक्त बन्दुक बाटो छेउमा फालेर भागेको प्रहरीको भनाइ छ । बन्दुक फालेर भाग्ने मानिसको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ ।

## राजबिराज नगरपालिका
### १ नं वडा कार्यालय
### राजबिराज, सप्तरी
### मधेश प्रदेश, नेपाल

प.स. २०८१/०८२
च.न. ६८६

मिती :– २०८१।०७।०८

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. १० हाल १ बस्ने **बिलो देवी ले** तपसिलका मोठ श्रेस्ता कायम हुन छुट जग्गा नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८१।०७।०६ गते मा द.न.५८३ को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.१० हाल १ बस्ने मेथी सुतिहारको नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | बरही बरिपुर | ७ | २५२ | ०–८–८ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा. वडा

# लुम्बिनी प्रदेश सरकारमा तीन मन्त्रीको शपथ

लुम्बिनी, ८ कात्तिक (रासस) ।

लुम्बिनी प्रदेश सरकारमा नवनियुक्त मन्त्रीको बिहीबार प्रदेश प्रमुख समक्ष शपथ गराइएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले नियुक्त गर्नुभएका तीन मन्त्रीले बिहीबार प्रदेश प्रमुख कृष्णबहादुर घर्तीबाट शपथ गराउनुभएको हो ।

बर्दियाका जन्मजय तिमिल्सीना सामाजिक विकासमन्त्री, पश्चिम नवलपरासीका देवकरण कलवार वन तथा वातावरणमन्त्री र बाँकेका आदेश अग्रवालले आन्तरिक मामिला तथा कानुनमन्त्रीको शपथ लिनुभएको छ ।

नवनियुक्त मन्त्री तिमिल्सीना र कलवार नेपाली कांग्रेस तथा अग्रवाल जनता समाजवादी पार्टीबाट प्रदेशसभा सदस्य हुनुहुन्छ । लुम्बिनी प्रदेश सरकारमा मुख्यमन्त्री सहित नेकपा (एमाले)का पाँच, कांग्रेसका पाँच र जसपाका एक री मन्त्रीको सङ्ख्या ११ पुगेको छ ।

मुख्यमन्त्री आचार्यले बुधवार प्रदेश मन्त्रिपरिषद् पुनर्गठनका लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्नुभएको थियो । सोही आधारमा नव नियुक्त मन्त्रीको शपथ गरिएको हो । कांग्रेस र एमालेका ५६ प्रदेशसभा सदस्यको समर्थनमा लुम्बिनीमा सरकार बनेको थियो ।

शपथ कार्यक्रममा मुख्यमन्त्री आचार्य, सत्ता साझेदार दल कांग्रेसका दलका नेता तथा पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, प्रतिपक्ष दलका नेकपा (माओवादी केन्द्र)का दलका नेता तथा पूर्व मुख्यमन्त्री जोखबहादुर महरा, सभामुख तुलाराम घर्ती लगायतको सहभागिता थियो ।

## *ट्रेड युनियन ...*

सिलाई बुनाई श्रमिक केन्द्र मधेश प्रदेशका अध्यक्ष कमल परियार, नेपाल ट्रेड युनियन काँग्रेस सप्तरीका उपाध्यक्ष नन्देश्वर मण्डल, प्रेस युनियन सप्तरीका सचिव रामानन्द देव, कारखाना मजदुर श्रमिक संघका अध्यक्ष गजेन्द्र प्रसाद गुप्ता रौनियार, नेपाल शिक्षक संघका राजदेव यादव, नेपाल सार्वजनिक कर्मचारी संघका बिजय यादव लगायतले पनि बोल्दै ट्रेड युनियनकर्मीको समस्या र समाधान बारे आ-आफ्नो सुझाव राखेका थिए ।


# प्रस्ताव आह्वानको सूचना ।

प्रथम पटक प्रकाशित मिति:२०८१/०७/०८

यस कृषि ज्ञान केन्द्रको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी र कृषि फर्महरुले प्रथम पटक प्रकाशित मितिले २१ औं दिन (२०८१/०७/२८) भित्र आवश्यक कागजात सहित यस कृषि ज्ञान केन्द्रमा आई पुग्नेगरी प्रस्ताव/आवेदन पेश गर्न यो सूचना सर्वसाधारणको लागि प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि यस कृषि ज्ञान केन्द्र, सप्तरीको सूचना अधिकारी श्री रक्षा यादव (अधिकृत सातौं) को मोवाईल नं. ९८५२८२२७६५ मा सम्पर्क गर्न सकिने छ र फारमको लागि www.akcsaptari.p2.gov.np तथा यस कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल

- बगर खेतीमा सहयोग
- तेलहन बाली प्रवर्द्धन कार्यक्रम
- दलहन बाली प्रवर्द्धन कार्यक्रम
- व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम
- मुल्य शृंखलामा आधारित व्यवसायिक फलफूल खेति प्रवर्द्धन कार्यक्रम
- हरुवा,चरुवा, दलित लगायत लक्षित वर्गको जीविकोपार्जनका लागी १०० पर्तिशत अनुदानमा कृषि बिकास कार्यक्रम
- माँगमा आधारित कृषि फर्महरु पुनःस्थापना तथा सहयोग कार्यक्रम
- प्याज मिसन कार्यक्रम
- मसला बाली संरक्षण कार्यक्रम (अदुवा, बेसार, मरिच, जिरा, धनिया, मेथी)
- ओल/कन्दमुल बाली प्रवर्द्धन कार्यक्रम
- एक जिल्ला एक प्रांगारिक मल उत्पादन कार्यक्रम
- सार्वजनिक निजी साझेदारी मोडेलमा स्थापना
- च्याउ प्रवर्धन कार्यक्रम
- Inspiring farmer पहिचान तथा प्रवर्धन कार्यक्रम

कृषि ज्ञान केन्द्र, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*